नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**विकेन्द्रीकरण प्रर्वद्धन पुरस्कार छनौट सिफारिस समितिको सचिवालय**

सिंहदरबार, काठमाण्डौ ।

# विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कारका लागि आवेदन गर्ने सम्बन्धी सूचना

विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार कार्यविधि, २०७३ को दफा ६(१) बमोजिम गठित विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार छनौट सिफारिस समितिको वैठक बाट कार्यविधिको दफा ७ बमोजिम पुरस्कार पाउन योग्य व्यक्ति तथा संस्थाहरुबाट आवेदन माग गर्ने निर्णय भएकोले तपशिलका शर्तहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन दिनुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. पुरस्कार छनौटका आधारहरू** : विकेन्द्रीकरण प्रवर्द्धन पुरस्कार कार्यविधि २०७३ को दफा ७ बमोजिम पुरस्कार छनौटका आधारहरु देहायवमोजिम रहेका छन् ।

**क.** स्थानीय शासन, विकेन्द्रीकरण तथा निक्षेपणका क्षेत्रमा कम्तीमा दश वर्ष काम गरि पुऱ्याएको योगदान,

**ख.** स्थानीय स्वायत्त शासन, विकेन्द्रीकरण तथा निक्षेपणका क्षेत्रमा प्रकाशन गरेको कृतिहरु,

**ग.** स्थानीय स्वायत्त शासनको व्यवहारिक कार्यान्वयनमा पुऱ्याएको सहयोग,

**घ.** विकेन्द्रीकरण सम्वन्धी नीति, अध्ययन तथा अनुसन्धान,

**ङ.** वित्तीय विकेन्द्रीकरण, राजश्व, खर्च तथा वित्तीय बाँडफाँडका क्षेत्रमा गरेको अध्ययन अनुसन्धान तथा योगदान,

**च.** सङ्घीयता तथा स्वायत्त शासनका सम्बन्धमा पुऱ्याएको योगदान,

**छ.** विकेन्द्रीकरण, वित्तीय विकेन्द्रीकरण सम्वन्धी अन्य कार्यहरु ।

**२. शर्तहरू**

**क.** योग्य व्यक्ति वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (कार्यालय समयमा ) आवेदन दर्ता गराउनु पर्ने छ ।

**ख.** आवेदन दर्ता यस मन्त्रालयको विकेन्द्रीकरण शाखामा (कोठा नं २१५) हुनेछ ।

**ग.** विकेन्द्रीकरण प्रर्वद्धन पुरस्कार, कार्यविधि २०७३ को दफा ७ वमोजिम पुरस्कार दावी गर्ने आधारहरु स्पष्ट रुपमा खुलाई प्रमाण सहित पेश गर्नु पर्ने छ ।

**घ.** संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र र सो को नियमानुसार नवीकरण भएको प्रमाणपत्र, कर दर्ता प्रमाणपत्र र सोको नविकरण भएको प्रमाणपत्र, पछिल्लो ३ वर्षको वार्षिक प्रतिवेदन र पछिल्लो ३ वर्षको लेखापरिक्षण प्रतिवेदन आदीको प्रमाणित प्रतिलिपी समेत आवेदन साथ पेश गर्नुपर्ने छ ।

**ङ.** आवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो विदा पछि कार्यालय खुलेको दिन कार्यालय समयमा आवेदन गर्न सकिने छ ।

**च.** तोकिएको म्याद भित्र दर्ता नभई म्याद नाघी आएका आवेदन उपर कारवाही गरिने छैन ।

**छ.** पुरस्कारको राशि कार्यविधिको दफा ५(२) वमोजिम रु ३,००,०००।- (तीन लाख) को रहेको छ ।

**ज.** यस सम्वन्धी विस्तृत जानकारीको लागी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको विकेन्द्रीकरण शाखामा सम्पर्क राख्न सकिने छ । साथै मन्त्रालयको Website: www.mofald.gov.np तथा शाखाको टेलिफोन नं ०१४२००२९२ र M Mobile Number 9851186536 मा समेत सम्पर्क गरी जानकारी लिन सकिने छ ।